मिति : २०६९/५/१३

<u>छलफल तथा निर्णयहरू</u> :

१. पूर्वाधार विकास महाशाखावाट प्रस्तुत वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत सञ्चालन हुने Enhancing Capacity, Knowledge and Technology Support to Build Climate Resilience of Vulnerable Developing Countries नामक आयोजना उपर आयोगको सहमति माग भै आएको सम्वन्धमा छलफल हुँदा सैद्धान्तिक सहमति दिने र उक्त मन्त्रालयलाई आवश्यक कार्य प्रक्रिया पूरा गरी निर्धारित ढाँचामा विस्तृत विवरण पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

२. राष्ट्रिय योजना आयोग र सचिवालयले गर्ने विभिन्न कामहरूमध्ये विभिन्न किसिमको छलफल एवं भेटघाटलाई व्यवस्थित र फलदायी वनाउन तयार गरिएको "Proposal Protocols for Visit and Meeting" लाई मानव संसाधन महाशाखावाट प्रस्तुत गरियो । उक्त विषयमा छलफल हुँदा यस सम्बन्धमा अर्थ, गृह र परराष्ट्र मन्त्रालयहरू समेतको अनुभवलाई समेत विचार गर्न उपयुक्त हुने देखिँदा सह-सचिव श्री आत्माराम पाण्डेको संयोजकत्वमा मानव संसाधन महाशाखा र आर्थिक व्यवस्थापन महाशाखाका सह-सचिव समेतको टोलीलाई असोज मसान्तभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

३. राष्ट्रिय योजना आयोगको मिति २०६९/४/३ को निर्णयले आयोगका माननीय सदस्य प्रा.डा. शिवकुमार राईको संयोजकत्वमा सह-सचिव श्री आत्माराम पाण्डे र उप-सचिव (कानून) श्री आलोक चन्द्र श्रेष्ठलाई तोकिएको नेपाल सरकार (मं.प.) को निर्णयले आयोगका माननीय सदस्य श्री जनकराज शाहलाई भाग लिन पठाउने भनी गरेको निर्णय उलंघन भएको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न भनिएकोमा उक्त समितिले प्रतिवेदन पेश गरेकोमा धन्यवाद दिने निर्णय गरियो । प्रतिवेदनमा उल्लेखित सुझावहरू कार्यान्वयन गर्न सचिवालयलाई निर्देशन दिने निर्णय समेत गरियो ।

४. राष्ट्रिय योजना आयोगको मिति २०६९/४/३ को निर्णय अनुसार आयोगका माननीय उपाध्यक्ष र माननीय सदस्यहरूलाई पारिश्रमिक भुक्तानी सँगै एकमुष्ट उपलव्ध गराउने भनिएको टेलिफोन खर्च र विदेश जाँदा उपलव्ध गराउने भनिएको लुगा भत्ताका सम्बन्धमा र आयोगको भवन निर्माण सम्बन्धमा समेत छलफल गर्न आगामी वैठकमा आयोगका पदेन सदस्य अर्थ सचिवलाई आमन्त्रण गरी टुङ्गो लगाउने निर्णय गरियो ।